आज मिति २०७७/०६/२० गते मंगलबारका दिन वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री फेन्चोक छेप्तेन गुरुङ ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा बिभिन्न प्रस्ताव उपर छलफल गरि देहायनुसार निर्णय गरियो ।

उपस्थितिः

| हस्ताक्षर | नाम थर | पद |
|---|---|---|
| | श्री फेन्चोक छेप्तेन गुरुङ | कार्यपालिका अध्यक्ष |
| | श्री दिकी गुरुङ | कार्यपालिका उपाध्यक्ष |
| | श्री चिरन्जीबी बराल | प्रमुख प्रशासकीय अधिकृत |
| | श्री विर वहादुर गुरुङ | कार्यपालिका सदस्य |
| | श्री छिन नाम्या गुरुङ | |
| | श्री नविन कुमार गुरुङ | |
| | श्री तेन्जिङ नाम्गेल गुरुङ | |
| | श्री राप्के गुरुङ | |
| | श्री साङमो छिरिङ गुरुङ | |
| | श्री फुल कुमारी विश्वकर्मा | |
| | श्री लक्ष्मी कुमारी गुरुङ | |
| | श्री देवि गुरुङ | |
| | श्री फुलमाया वि.क. | |
| | श्री छिरिङ आङग्याल गुरुङ | |
| | **अन्य उपस्थिति** | |
| | | |
| | | |
| | | |

**प्रस्तावहरु :**

**प्रस्ताव नं. १ :** एक स्थानीय तह एक खेलकुद मैदानको लागि जग्गा छनौट एबम प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं. २ :** धार्मिक,सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुको संरक्षण र सुधारको लागि प्रस्ताव पेश गर्ने ।

**प्रस्ताव नं. ३ :** जन नर्मल नमुना आबासीय बिद्यालयको छात्राबास भवन निर्माणको लागि लागत अनुमान स्विकृत गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं. ४ :** सरुवा भई यस गाउँपालिकामा आउन सहमति प्रदान गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं. ५:** चरिचरण बिबाद समाधान सम्बन्धमा ।

**प्रस्ताव नं. ६ :** एक्लेभट्टी-पाकलिङ मोटरेबल पुल निर्माण ढिलाई सुस्ती सम्बन्धमा ।

**प्रस्ताव नं. ७ :** स्थानीय तहमा सिफारिस भई आएका कर्मचारीको सरुवा सहमति सम्वन्धमा ।

**प्रस्ताव नं. ८:** गाउँपालिका भित्र रहेका प्रहरी चौकी एवम इलाका प्रहरी कार्यालयलाई दशैं पुजा खर्च दिने सम्बन्धमा ।

CamScanner

निर्णयहरु :

**निर्णय नं. १** :प्रस्ताव नं. १ माथि छलफल गर्दा सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेश पोखराको मिति २०७७/०६/१३ को प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना अनुसार एक स्थानीय तह एक खेलकुद मैदानको लागि प्रस्ताव आह्वान गरेको हुँदा खेलकुद मैदानको लागि कागबेनी स्थित तिरी मिन्दी तोङतोङलाई छनौट गर्ने र आवश्यक कागजात सहित प्रस्ताव पेश गर्ने ।

**निर्णय नं. २** :प्रस्ताव नं. २ माथि छलफल गर्दा सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेशको मिति २०७७/०६/१३ को प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना अनुसार धार्मिक,सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुको संरक्षण र सुधारको लागि तपशिल बमोजिमका स्थान छनौट गरि प्रस्ताव पेश गर्ने ।

| क्र.स. | स्थान |
|---|---|
| १ | तिरी गुम्बा |
| २ | गुम्बा घाङ |

**निर्णय नं. ३** :प्रस्ताव नं ३ माथि छलफल गर्दा जन नर्मल नमुना आबासीय विद्यालयको छात्राबास भवन निर्माणको लागि तयार गरिएको रु. २ करोड ५० लाखको लागत अनुमान स्विकृत गरियो। बास्तबिक खर्च सामाजिक बिकास मन्त्रालयबाट प्राप्त हुने २ करोडभन्दा बढी हुन गएमा बढी हुन गएको रकम गाउँपालिकाको श्रोतबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** :प्रस्ताव नं. ४ माथि छलफल गर्दा काठेखोला गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालयबाट तहाँ स्थित वडा नं. ३ अन्तर्गत प्रशासन सेवा, सामान्य प्रशासन समूह, सहायक चौथो वडा सचिबमा कार्यरत कर्मचारी संकेत नं. २०४८६५ का श्री देबेन्द्र बहादुर थापालाई यस कार्यालयमा सरुवा भई आउनको लागि सहमति प्रदान गरेको हुँदा निजलाई सरुवा भई आउन सहमति प्रदान गर्ने ।

**निर्णय नं. ५** : प्रस्ताव नं. ५ माथि छलफल गर्दा गाउँ कार्यपालिकाको मिति २०७७/०६/१६ को निर्णय नं. ७ लाई थप प्रष्ट पार्नुपर्ने भएकोले निम्नानुसारको निर्णय गरियो ।

- यस गाउँपालिका भित्रको वडा नं. १ र वडा नं. २ बिचको चरण क्षेत्र बिबाद सम्बन्धमा कुनै एक वडाको कुनै गाउँमा हिउँ/बर्षा/आपत-बिपत परि अर्को वडाको कुनै गाउँको चरण क्षेत्र प्रयोग गर्नुपर्ने अवस्था आएमा समस्या परेको गाउँका पशुपालक कृषकले आफ्नो वडा कार्यालयको सहमति सिफारिस सहित अर्को वडाको गाउँको पशुपालक कृषक समक्ष परम्परा अनुसार ठेकी(केरे) र खादा सहित अनुरोध गर्ने, चरण क्षेत्र सहज रहेको वडाको गाउँका कृषकले उक्त ठेकी र खादालाई सहर्ष स्वीकार गरि आफ्नो वडा कार्यालयको सहमति सहित आफ्नो गाउँको चरण क्षेत्र प्रयोग गर्न दिने ।कुनै गाउँका पशुपालक कृषकले ठेकी र खादा सहितको अनुरोध अस्विकार गरेमा अनुरोध अस्विकार गर्ने गाउँका पशुपालक कृषकहरुलाई अर्को गाउँमा चरण क्षेत्र प्रयोग गर्न दिन सम्बन्धित गाउँका पशुपालक कृषकहरुलाई बाध्य हुने छैन ।

**निर्णय नं. ६** :एक्लेभट्टी-पाकलिङ मोटरेबल पुल निर्माण ढिलाई सुस्ती सम्बन्धमा छलफल गर्दा उक्त पुलको काम गर्ने गरि ठेक्का सम्झौता गरेको फर्मले पुल निर्माणमा ढिला सुस्ती गरेको हुँदा इलाइट कन्स्ट्रक्सनलाई कालो सूचीमा सुचिकृत गर्न सिफारिस गर्ने ।

**निर्णय नं. ७** :प्रस्ताव नं. ७ माथि छलफल गर्दा स्थानीय तहमा सिफारिस भई आएका कर्मचारीहरुलाई हाजिर भएको मितिबाट न्युनतम १.५ बर्ष सम्म सरुवा भएर जान सहमती प्रदान नगर्ने ।अत्यावश्यक अवस्था भएका कर्मचारीलाई कार्यपालिकाले निर्णयमाथि बिचार गर्न सक्ने छ ।

**निर्णय नं. ८** :प्रस्ताव नं. ८ माथि छलफल गर्दा गाउँपालिका भित्र रहेका प्रहरी चौकी एबम इलाका प्रहरी कार्यालयलाई दशैं पुजा खर्चको लागि अनुदान स्वरूप पन्ध्र-पन्ध्र हजार रुपैयाँका दरले उपलब्ध गराउने ।